# प्रारम्भिक वातावरणिय परिक्षण (IEE) सम्बन्धि सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७५/०७/१८**

**प्रस्तावकको नाम :** सिरीजङ्घा गाउँपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ ।
**प्रस्तावको नाम :** गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने कावेली र फावा खोलाबाट ढुङ्गा गिट्टी, बालुवा आदि नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण ।
**प्रस्तावको व्यहोरा :** नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण गर्ने सम्बन्धमा सरोकारवालाबाट राय सुझाव लिने सूचना ।

यस गाउँपालिकाले माथि उल्लिखित प्रस्तावको कार्यान्वयन गर्न लागेकोले सो प्रस्ताव कार्यान्वयन गर्नु अघि उक्त प्रस्तावको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरूको भौतिक, जैविक, सामाजिक र सांस्कृतिक एवं आर्थिक प्रणाली, यिनको अवसरहरूको अर्न्तक्रिया र अन्तर सम्बन्धमा के-कस्तो प्रभाव पार्दछ भनि यकिन गर्न त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति एवं संघ/संस्थाको लिखित राय सुझाव लिन वातावरण संरक्षण नियमावली, २०५४ को अनुसुची १(इ) खानी क्षेत्र शिर्षकको विषय नं. २(घ) तथा सोही नियमावलीको नियम ४ बमोजिम सूचना प्रकाशित गरिएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव पेश गर्ने ठेगानाः**

**सिरीजङ्घा गाउँपालिकाको कार्यालय**
तेल्लोक, ताप्लेजुङ
फोनः ०२१-६९६४९३
वेवसाईटः http://sirijanghamun.gov.np